Rashmy राजेन्द्र बहादुर खड्का अध्यक्ष

## बान्नीगढी जयगढ गाउंपालिकाका उपाध्यक्ष श्री लोक बहादूर साउंद ज्यु ले द्धारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को वजेट बक्तव्य

मिति:२०७४/०५/३०

**सम्मानित गाउँ सभाका सभाध्यक्ष महोदय,**

नेपालको संविधानले प्रवन्ध गरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना मध्येको एक स्थानीय तह र यसको निर्वाचनका माध्यमबाट गठित यस बान्नीगढी जयगढ गाउपालिकाको सम्मानित गाउँ सभा समक्ष ऐतिहासिक रुपमा पहिलो बजेट प्रस्तुत गर्न पाउदा गौरवको अनुभुति गरेको छु । यस ऐतिहासिक अवसरमा लोकतान्त्रिक इतिहासका विभिन्न कालखण्डहरुमा मातृभूमीको रक्षा र लोकतन्त्र स्थापनाका खातिर बलादानीपूर्ण संघर्ष गर्ने ती महान शहीदहरुलाइ सम्झन चाहन्छु । ऐतिहासिक जनआन्दोलन, बलिदानीपूर्ण जनयुद्ध एवं अनेकन संघर्षहरुबाट स्थापित गणतन्त्र र संघीयताको प्रारम्भिककालमा रहदा यसको कार्यान्वयनका अगाडी चुनौतीका अनेकन पहाडहरु उभीएका छन ।

अवको प्राथमिकता संविधानले परिकल्पना गरेको सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्दित हुनु पर्ने भएकाले हाम्रो. लडाई सामाजिक न्याय सहितको समृद्धि आर्जनका लागि अविकास, गरिवी र पछौटेपन विरुद्ध केन्द्रित हुनु पर्ने जरुरी ठानेको छु ।

अव हामीलाई कुनै पनि बहानामा आर्थिक - सामाजिक विकास, सार्वजनिक सेवा प्रवाह, अनियमितता नियन्त्रण, सुशासन प्रवर्दनमा विलम्ब गर्ने सुविधा छैन । त्यसैले **"समृद्धिको आधार : बान्नीगढी सरकार"** भन्ने मुल मान्यतालाई आत्मसाथ गरेर यो बजेट तर्जूमा गरिएको हो ।

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय,**

चुनौति र अवसरका वीच नै समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्नु नै हाम्रो विशेष प्राथमिकता हो । तसर्थ यस क्षेत्रमा रहेको भौतिक पुर्वाधारहरुको कमजोर अवस्था, राजश्वको न्युन संकलन तथा खर्चको अनुत्पादक दोहन हाम्रा प्रमुख चुनौतिहरु